नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ४६ २०७८ साल भदौ २३ गते बुधबार (8 Sep. 2021 Wednesday) मूल्य रु. ५/-

कोभिड–१९ को संक्रमणबाट बचौं र बचाऔं

सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं :
- अनिवार्य रुपमा मास्क लगाऔं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- संक्रमणको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : 'अनिवार्य शिक्षा कि ... ३ पृष्ठमा : गृहमन्त्रीद्वारा बाढी, पहिरो ... ३ पृष्ठमा अफगानिस्तान र पाकिस्तानको ...

## सप्तरीमा एक गाउपालिका अध्यक्ष, तीन उपाध्यक्षसहित ९६ जनाले रोजे लोसपा



**चन्दनकुमार यादव**
**राजविराज, २२ भदौ ।**

सप्तरीमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ९६ जना जनप्रतिनिधिले रोजेका छन् ।

तत्कालिन राजपाबाट निर्वाचित तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिँह, राजबिराज नगर उपप्रमुख साधना झा, छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष उषा मण्डल र बोदेबरसाईन नगरपालिका उपप्रमुख रन्जु साहसहित ९६ जनाले लोसपामा रोजेका हुन । स्थानीय तहमा जिल्लामा राजपाबाट २ सय १६ जना जनप्रतिनिधि निर्वाचित भएका थिए ।

राजपाबाट २ सय १६, तत्कालिन संघीय समाजवादी फोरमबाट १ सय ४० र तत्कालिन नयाँ शक्ति पार्टीबाट ११ जना गरी ३ सय ६७ जना जनप्रतिनिधि मध्ये ९६ जनाले सनाखत गरेका हुन् ।

जसमध्ये राजबिराज १० का एक जना सदस्यको सनाखत फिर्ताकालागि निवेदन परेको छ । तत्कालिन राजपाबाट सप्तरीमा ५ वटा पालिका प्रमुखमा निर्वाचित भएका थिए ।

तत्कालिन राजपाबाट निर्वाचित राजविराज नगरपालिका मेयर शम्भुप्रसाद यादव, हनुमाननगर कंकालिनी नगरपालिका मेयर शैलेश कुमार साह, डाक्नेश्वरी नगरपालिका मेयर शिवनारायण साह र रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव जसपामै बसेका छन् भने तिलाठी कोइलाडी गाउँपालिकाकै उपाध्यक्ष सुचिता कुमारी यादव पनि जसपा रोजेका छन् ।

यता तत्कालिन राजपाबाट

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीका खंग नागढुङ्गाबाट लागुऔषधसहित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

सप्तरीका एक यूवकलाई लागुऔषधसहित नेपाल प्रहरीले चन्द्रागिरि नगरपालिका २ नागढुङ्गाबाट मंगलबार रात्री बसबाट पक्राउ गरेको छ ।

राजविराजबाट काठमाडौं आउँदै गरेको ना ५ ख ५३१५ नं को यात्रुबाहक बस चेकका क्रममा लागुऔषधसहित जिल्लाको रुपनी गाउँपालिका ६ का १९ वर्षीय सुरेश खड्ग पक्राउ परेका हुन् ।

प्रहरीले कालो रङ्गको झोलाभित्र लुकाएर ल्याएको नाइट्राभेट-१० लेखिएको ५८५ ट्याब्लेट लागुऔषसहित खड्गलाई पक्राउ गरिएको जनाएको छ ।

## एक महिनादेखि बन्द रहेको पीसीआर परीक्षण पुनः सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा एक महिनादेखि बन्द रहेको पीसीआर परीक्षण मंगलबारदेखि पुनः सुरु भएको छ ।

अस्पतालका पीसीआर परियोजनाका प्रमुख प्रकाशकुमार यादवका अनुसार प्रदेश २ सरकारबाट अर्को पीसीआर मेसिन पठाएपछि पुनः परीक्षण सुरु भएको हो ।

यसअघि परीक्षणका लागि नमूना राख्दा रिपोर्ट नेगेटिभ आउने ठाउँमा पोजेटिभ देखाउने र पोजेटिभको ठाउँमा नेगेटिभ आउने गरेकाले तत्कालका लागि परीक्षण सेवा नै बन्द गरिएको थियो ।

अस्पतालका प्रमुख डा. रन्जितकुमार झाले मेसिनमा प्राविधिक गडबडी भएकाले कोरोना भाइरसको स्वाब परीक्षण बन्द रहेको अवस्थामा प्रदेश सरकारले मेसिनलाई मर्मत नगरी अर्को मेसिन नै दिएपछि स्वाब परिक्षण सञ्चालन गरिएको बताए । साउन १२ गते पीसीआर मेसिनमा गडबडी हुँदा परीक्षण कार्य नै रोकिएको थियो ।

## चर्को ब्याज जोडेर रकम फिर्ता गर्दा समेत धितो फिर्ता नगरेको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौं ।**

जग्गा धितो राखेर ऋण लिएको र उक्त ऋणमा ब्याज जोडेर बुझाउँदा समेत आफ्नो धितो स्वरुप राखिएको जग्गा फिर्ता नगरेको भन्दै दुई दर्जन व्यक्ति न्यायका लागि संचारकर्मीसँग आग्रह गरेका छन् ।

राजबिराजमा मंगलबार पीडितहरुले पत्रकार सम्मेलनको आयोजना गरि आफूहरु ठगिएको बारे जानकारी गराउँदै जिल्लाको खडक नगरपालिका ७ कल्याणपुर निवासी मिटरब्याजी रामदेव साहले धितो फिर्ता नगरि फरार भएको बताएका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*




## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# सरकारले भारतलाई दुईवटा विरोधपत्र पठायो

काठमाडौँ, २२ भदौ (रासस) ।

सरकारले दार्चुलाको तुइन खुस्काएको घटना र त्यसपछिका केही सातामा सोही जिल्लास्थित नेपाली सेनाको ब्यारेकमाथि बारम्बार अनधिकृतरूपमा हेलिकप्टर उडाएको विरोधमा भारत सरकारलाई दुईवटा बेग्लाबेग्लै असन्तुष्टिपत्र 'कूटनीतिक नोट' पठाएको छ ।

दुवै घटनाको अनुसन्धान गरी दोषीउपर कानुनी कारवाही गर्न परराष्ट्र मन्त्रालयले गत शुक्रबार र आइतबार छुट्टाछुट्टै कूटनीतिक नोट पठाएको हो । "तुइन घटनाबारे नेपाल सरकारलाई जानकारी दिन पहिलो कूटनीतिक नोट भदौ १८ गते तथा नेपाली आकाशमा अनाधिकृतरूपमा हेलिकप्टर उडाइएकाका सम्बन्धमा भदौ २० गते अर्को नोट यहाँस्थित भारतीय राजदूतावासमार्फत भारत सरकारलाई पठाएका छौँ", परराष्ट्र मन्त्रालयका एकजना उच्च अधिकारीले स्रोत उल्लेख नगर्ने शर्तमा राससलाई बताए ।

गृहमन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजकत्वमा गठित छानबिन समितिको प्रतिवेदनका आधारमा भारतलाई विरोधपत्र पठाइएको बताउँदै ती अधिकारीले नेपाल र भारतबीचका सबै समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार प्रतिबद्धता दोहोऱ्याए । नेपाल र भारतबीचको शताब्दीऔँ पुरानो बहुआयमिक सम्बन्ध सानातिना समस्याबाट प्रभावित हुनुहुँदैन भन्ने मान्यताका साथ दुवै घटनाको वास्तविकताबारे बुझ्न पनि कूटनीतिक नोटमा ध्यानाकर्षण गराइएको छ ।

गत साउन १५ गते दार्चुलाको व्यास गाउँपालिका-२ खाङदाङ्का जयसिंह धामीको स्थानीय मालघाटबाट तुइन तर्ने क्रममा तुइनको तारसँगै महाकाली नदीमा खसेर बेपत्ता भएको घटनामा एसएसबीको संलग्नता रहेको निष्कर्षसहितको प्रतिवेदन छानबिन समितिले यही भदौ १५ गते सरकारसमक्ष प्रस्तुत गरेको थियो ।

छानबिन समितिको प्रतिवेदनको निष्कर्ष नेपाल सरकारले सार्वजनिक गरेपछि नयाँदिल्लीमा विदेश मन्त्रालयको नियमित 'प्रेस ब्रिफिङ'मा सो मन्त्रालयका प्रवक्ता अरिन्दम बाग्चीले त्यसबारेमा भारत सरकारलाई औपचारिक जानकारी प्राप्त नभएको प्रतिक्रिया दिएका थिए ।

जयसिंह धामीको खोजीमा महाकाली किनारमा 'ड्रोन' उडाउन जिल्ला प्रशासन कार्यालय दार्चुलाले गरेको अनुरोधको कुनै प्रत्युत्तर नदिई भारतले महाकालीवारिका बस्ती, सेना, प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका संरचनामाथि बारम्बार हेलिकप्टर उडाएको थियो ।

# 'अनिवार्य शिक्षा कि अनिवार्य सीप ?'

काठमाडौँ, २२ भदौ (रासस) ।

"आरनमा कति डिग्री सेन्टिग्रेडमा फलाम तातेपछि त्यसलाई बङ्ग्याएर हसिया बनाउन सकिन्छ ? के हाम्रो शिक्षा प्रणालीले यस्तो परम्परागत ज्ञानलाई कहिल्यै सिकाइसँग जोडेको छ ?" शिक्षालाई सीपसँग जोड्ने नीति भए पनि व्यावहारिक रुपमा त्यसतर्फ शिक्षा उन्मुख हुन नसकेको बारेमा सार्वजनिक शैक्षिक मञ्चमा बहस चल्दै आएको छ ।

शिक्षामा रुपान्तरण र सार्वजनिक शिक्षाको सबलीकरणका लागि नयाँ शिराबाट बहश चलाउनुपर्नेमा नीति निर्माता र विज्ञबीच समान मत भए पनि वर्षौंदेखि उस्तै प्रकारको प्रश्न उठाउनुपरेको शिक्षामा कार्यरत नागरिक क्षेत्रका प्रतिनिधिको गुनासो छ । अन्तर्राष्ट्रिय साक्षरता दिवसका सन्दर्भमा शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालले मंगलबार 'महामारीको शिक्षामा क्षति र यसका आर्थिक सामाजिक असरहरु' विषयमा आयोजना गरेको छलफल कार्यक्रममा व्यावसायिक विकास तथा अनुसन्धान केन्द्र (पिडिआरसी) का निर्देशक दालबहादुर विश्वकर्माले सांसद, शिक्षाविद् र शिक्षाकर्मी सामु यही प्रश्न उब्जाउनुभयो ।

शिक्षाविद् डा विष्णु कार्कीले विद्यालय शिक्षामा 'प्याराडायम सिफ्ट' का लागि सिकाइ पद्धतिप्रतिको बुझाइमै परिवर्तन आवश्यक रहेको जोड दिँदै चक, डस्टर र पाठ्यक्रममा आधारित शिक्षामा मात्रै नबाँधिएर सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्दै विद्यार्थी घर वा विद्यालय जहाँ रहे पनि उनीहरुले जीवनोपयोगी सीप सिकेको सुनिश्चितता हुनुपर्ने बताउनुभयो । उहाँले अनिवार्य शिक्षा भन्नुभन्दा अनिवार्य सीप हो भन्ने मान्यतालाई स्थापित गर्न आग्रह गर्दै सामान्य मेसिन, औजार चलाउन सक्ने तथा घर नजिकको ढल जमेमा मर्मत गर्न सक्ने हुनुलाई शिक्षा प्राप्तिसँग जोड्नुपर्ने जनाउनुभयो । अर्का शिक्षाविद् डा बालचन्द्र लुईँटेलले शिक्षालाई निश्चित पाठ्यक्रम, पढाइ र परीक्षाको बन्दी नबनाइ खुल्ला आकाशमा विचरण गर्न दिनुपर्ने आग्रह गर्दै प्रयोग मूलरुपमा पढाउन सक्ने शिक्षकलाई प्रोत्साहन गर्नु आवश्यक रहेको बताउनुभयो । शिक्षाविद् डा विद्यानाथ कोइरालाले शिक्षामा प्रविधिको कुरा गर्दा डोको, डालो र कुटो कोदालोलाई पनि प्रविधिकै रुपमा समावेश गरेर सिकाउन अत्यावश्यक भएको भनाइ प्रस्तुत गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्व पौडेलले शिक्षामा लगानी अनुसारको प्रतिफल ल्याउनु र प्राथमिक तहमा विद्यार्थीको उपस्थिति बढाउनु चुनौतीको विषय रहेको भनाइ राख्नुभयो । उहाँले शिक्षामा पूर्वाधारको विकास गर्दै शिक्षालाई समाज र रोजगारीसँग जोड्नुपर्ने बताउनुभयो । प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीले गुणस्तरीय शिक्षाको परिभाषा स्पष्ट पारेर शिक्षामा स्थानीय तहमा अधिकार प्रत्यायोजन हुनुपर्ने बताउँदै शिक्षा, स्वास्थ्य र रोजगारीलाई राज्यको दायित्वअन्तर्गत कार्यान्वयन हुनुपर्ने जनाउनुभयो । सांसद् वृन्दा पाण्डेले राजनीतिककर्मीको सोचमा परिवर्तन ल्याएर शिक्षामा रुपान्तरण गर्न सक्नुपर्ने बताउनुभयो ।

गाउँपालिका महासङ्घका अध्यक्ष वंशलाल तामाङले संविधानमा माध्यमिक तहको अधिकार स्थानीय तहलाई दिइए पनि व्यवहारमा हस्तान्तरण भइनसकेको गुनासो गर्नुभयो । नगरपालिका महासङ्घका उपाध्यक्ष कविता ढुङ्गानाले स्थानीय जडिबुटी, ज्ञान र सीपलाई औपचारिक शिक्षामा समावेश गर्ने नीति ल्याउनु समयको माग भएको बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घको शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) ले सन् १९६६ देखि अन्तर्राष्ट्रिय दिवस मनाउँदै आएको छ । यस वर्ष (सन् २०२१) का लागि दिवसको नारा 'लिट्रेसी फर ह्युम्यान सेन्टर्ड रिकोभरी : न्यारोइङ द डिजिटल डिभाइड' रहेको छ । विगतमा अन्तर्राष्ट्रिय साक्षरता दिवसकै दिन राष्ट्रिय शिक्षा दिवस मनाउँदै आएकामा पछिल्ला वर्षमा राष्ट्रिय शिक्षा दिवस मनाउन अलग्गै मिति तय गर्ने सरकारको तयारी रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले बताउनुभयो । अन्तर्राष्ट्रिय दिवसका अवसरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विभिन्न कार्यक्रम तय गरेको छ । शैक्षिक नागरिक संस्थाहरुको सञ्जाल एनसिई नेपालका अध्यक्ष डिल्लीराम सुवेदीले आफूहरुले मुलुकका १८ जिल्लामा नीतिग बहस र शैक्षिक सुधारका लागि खबरदारी गरेर अन्तर्राष्ट्रिय दिवस मनाउँदैछ ।

# कोरोना प्रभावित आयोजनाको म्याद थप

काठमाडौँ, २२ भदौ (रासस) ।

सरकारले कोरोना भाइरसका कारण प्रभावित भएका आयोजना तथा विभिन्न खरिद सम्झौताको म्याद आगामी चैत मसान्तसम्म थप गरेको छ । मन्त्रिपरिषद्को यही भदौ ३ गतेको निर्णयअनुसार कोरोनाको सङ्क्रमणको कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई साबिकमा सञ्चालित खरिदसम्बन्धी ठेक्का सम्झौताको म्याद थप भएको जानकारी अर्थ मन्त्रालयले दिएको हो ।

बन्दाबन्दी वा निषेधको आदेशका कारण काम सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका खरिद सम्झौताको म्याद सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी एवम् सेवा प्रदायक तथा परामर्शदाताको निवेदनका आधारमा बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । आवश्यकता र औचित्यका आधार विश्लेषण गरी सरकारलाई थप दायित्व नपर्ने गरी खरिद सम्झौताको म्याद चैत मसान्तसम्म थप गर्न सकिने अर्थ मन्त्रालयले जनाएको छ ।

म्याद थप गर्नुपर्ने सम्झौताको निर्णय एक महिनाभित्र गरी सोको जानकारी सम्बन्धित मन्त्रालय, सचिवालय र आयोगको सचिव वा विशिष्ट श्रेणीका पदाधिकारीलाई दिनुपर्नेछ । सचिव वा विशिष्ट श्रेणीका पदाधिकारीले उपयुक्त निर्णय गरे नगरेको, सम्झौताको म्याद थप भएपछि काम सम्पन्न भए/नभएका विषयमा मिहीन तरिकाले हेर्नुपर्नेछ ।

यस्तै खरिद सम्झौताको सन्दर्भमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको कारबाही समयमै गरे/नगरेको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्नेछ । त्यसको प्रतिवेदन मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेस गर्नसमेत मन्त्रालयले आग्रह गरेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569





# गृहमन्त्रीद्वारा बाढी, पहिरो प्रभावितलाई राहत उपलब्ध गराउन निर्देशन

काठमाडौँ, २२ भदौ (रासस)।

गृहमन्त्री बालकृष्ण खाँणले सात जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग सम्बन्धित जिल्लामा बाढी, पहिरो र डुबानको क्षतिबारे जानकारी लिनुभएको छ। उहाँले सोमबार प्रजिअहरूलाई टेलिफोनमार्फत बाढी, पहिरो र भएको डुबानमा परेका नागरिकलाई उपलब्ध स्रोत साधनको भरपुर उपयोग गरी उद्धार गर्न, राहत उपलब्ध गराउन र खतराको सम्भावना नभएको स्थानमा सार्न निर्देशन दिनुभयो।

गृहमन्त्री खाँणले रोल्पाका प्रजिअ नवराज सापकोटालाई टेलिफोन गरेर बर्सातका कारण आएको पहिरो र बाढीको असरबारे जानकारी लिनुभएको मन्त्रालयले जनाएको छ। प्रजिअ सापकोटाका अनुसार रोल्पा नगरपालिका-१० बाम्लामा पूर्णबहादुर थापाको घर पहिरोले भत्काउँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते हुनुभएको छ।

त्यस्तै मन्त्री खाँणले काठमाडौँका प्रजिअ कालीप्रसाद पराजुलीलाई टेलिफोन गरेर रातभरको वर्षापछिको अवस्थाबारे जानकारी लिनुभयो। प्रजिअ पराजुलीले अहिलेसम्म जिल्लामा ३८५ घर टहरा डुबानमा परेको, २३२ जनाको उद्धार गरिएको र एउटा भोलुङ्गे पुलमा असर पुग्याएको जानकारी गराउनुभएको थियो।

उहाँले ललितपुरका प्रजिअ ढुण्डीप्रसाद निरौलालाई टेलिफोन गरेर नक्खु कारागारमा भएको अवस्थाबारे जानकारी लिनुभएको छ। कारागारमा आइतबार अपराह्न चौकिदारले बेथिति मच्चाएको भन्दै कैदीबन्दीले नाराबाजी गरेको सूचना आएपछि गृहमन्त्री खाँणले त्यसबारे जानकारी लिनुभएको हो। प्रजिअ निरौलाले चौकिदारहरूको विरोधमा कैदीबन्दीले नाराबाजी गरेको र रातभरमा दुवै समूहबीच सहमति गराएर अवस्था सामान्य बनाएको मन्त्री खाँणलाई जानकारी गराउनुभएको थियो।

मन्त्री खाँणले कैलालीका प्रजिअ खगेन्द्रप्रसाद रिजाल, बाँकेका प्रजिअ शिवराम गेलाल र भक्तपुरका प्रजिअ प्रेमप्रसाद भट्टराईसँग पनि बाढी, पहिरो र डुबानको असरबारे जानकारी लिनुभएको थियो। उहाँहरूले जिल्लामा रहेको अवस्थाबारे जानकारी गराउनुभएको मन्त्रीको सचिवालयले जनाएको छ। उहाँले सबै प्रजिअहरूलाई प्राकृतिक विपत्तिमा परेका नागरिकलाई राहत, उद्धार उपलब्ध स्रोत साधनको उपयोग गरेर गर्न निर्देशन दिनुभएको थियो।

सोमबारै मन्त्री खाँणलाई मोरङमा प्रहरी हिरासतमा रहेका लागुऔषध मुद्दाका भीम कामत बिरामी भई अस्पताल लैजाने क्रममा मृत्यु भएको प्रजिअ कोषहरि निरौलाले जानकारी गराउनुभएको थियो।

त्यस्तै सङ्खुवासभामाको मादी नगरपालिका-१ उमलिङमा एकै घरपरिवारका छ जनाको धारिलो हतियार प्रहार गरी हत्या गरेको प्रजिअ टेकनारायण पौडेलले जानकारी गराउनुभएको थियो। प्रजिअ पौडेलका अनुसार धारिलो हतियार प्रहारबाट ८४ वर्षीय पार्वती कार्की, उनका छोरा ५२ वर्षीय तेजबहादुर कार्की, तेजबहादुरकी श्रीमती ५२ वर्षकै कमला कार्की, ३२ वर्षीय रञ्जना कार्की, आठ वर्षीय विपिन कार्की, पाँच वर्षकी गोमा कार्कीको हत्या भएको हो।

# निजामती पुरस्कार पाउने ४० कर्मचारीको नाम घोषणा

काठमाडौँ, २२ भदौ (रासस)।

सरकारले यस वर्षको निजामती पुरस्कार पाउने ४० कर्मचारीको नाम घोषणा गरेको छ।

उत्कृष्ट निजामती पुरस्कारका लागि १० जना छनोट भएका छन्। नाम छनोट भएकामा सर्वोच्च अदालतका सहरजिस्ट्रार विमल पौडेल, राष्ट्रिय योजना आयोगका किरण रुपाखेती सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका राजेन्द्रकुमार केसी सहसचिव, स्वास्थ्य सेवा विभागका डा भीमसिं तिङकरी निर्देशक, महान्यायाधिवक्ताको कार्यालयका हरिशङ्कर ज्ञवाली उपन्यायाधिवक्ता, भूमि व्यवस्था तथा अभिलेख विभागका सुमना अर्याल वाग्ले निर्देशक, महिला तथा बालबालिका विभागका कमला ढकाल काफ्ले नायब सुब्बा, वेनी नगरपालिकाका छविलाल सुवेदी प्रमुख प्रशासकीय अधिकृत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विष्णुदत्तत गौतम सहसचिव र महालेखा परीक्षकको कार्यालयका नेत्रप्रसाद पौडेल निर्देशक रहनुभएको छ।


त्यसैगरी निजामती पुरस्कार पाउनेमा विभिन्न कार्यालयका ३० जना कर्मचारी छनोट भएका छन्। जसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट लक्ष्मीकुमारी बस्नेत सहसचिव, राष्ट्रिय सतर्कता केन्द्रका ज्ञानराज सुवेदी सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कोशलचन्द्र सुवेदी सहसचिव (कानून), महेशविक्रम लागेजु शाखा अधिकृत र पूर्णप्रसाद अगस्ती कार्यालय सहयोगी, शहरी विकास मन्त्रालयका विष्णुप्रसाद शर्मा सहसचिव र अर्थ मन्त्रालयका दिलीपकुमार गौतम उपसचिव (राजस्व) हुनुहुन्छ। त्यस्तै निजामती कर्मचारी अस्पतालका भोलाप्रसाद चापागाईं उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका शान्त नेपाल मरासिनी उपसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका डा भोजराज शर्मा (काफ्ले) उपसचिव शिक्षा, निर्वाचन आयोगका गुरुप्रसाद वाग्ले उपन्यायाधिवक्ता, सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगरका विपुलकुमार लाल दास सिनियर डिभिजन इञ्जिनीयर र लोकसेवा आयोगका सूर्यप्रसाद सापकोटा उपसचिव छनोट भएका हुन्।

त्यसैगरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका केदारप्रसाद नेपाल सिनियर डिभिजन इञ्जिनीयर, नापी कार्यालय ताप्लेजुङका विज्ञान बज्जारा अधिकृत, कृषि विभागका प्रमिला वाग्ले कृषि विकास अधिकृत, गृह मन्त्रालयका कुलशेखर अर्याल शाखा अधिकृत, पहाडी सानाकिसानका लागि अनुकुल आयोजना काठमाडौँबाट शिला ज्ञवाली सहायक वन अधिकृत र करदाता सेवा कार्यालय दिक्तेलका सुजितकुमार सिंह सहायक वन अधिकृत हुनुहुन्छ। त्यस्तै कोष तथा लेखा नियन्त्रक कार्यालय भोजपुरका भक्तिप्रसाद भट्टराई लेखा अधिकृत, छत्रदेव गाउँपालिका अर्घाखाँचीका भेषराज पन्त शाखा अधिकृत, रक्षा मन्त्रालयका विन्ध्या कार्की लेखा अधिकृत र सङ्घीय संसद् सचिवालय जलेश्वरका राम शाखा अधिकृत (कानून) रहेका छन्।

जलस्रोत तथा सिँचाइ मन्त्रालयका जिज्ञासा राई (याङखुरुङ) इञ्जिनीयर, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका भरतप्रसाद तिमिल्सिना, मुद्रण विभागका उत्तम खनाल वरिष्ठ मुद्रण सहायक, राष्ट्रपति कार्यालयका खडानन्द पौडेल कम्प्युटर अपरेटर, उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगञ्जका के आई सि गलान नायब सुब्बा, जिल्ला प्रशासन कार्यालय रौतहटका रामनरेश शाह नायब सुब्बा र परराष्ट्र मन्त्रालयका अमरसिंह लामा कार्यालय सहयोगी रहनुभएको छ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले ४० कर्मचारीलाई पुरस्कृत गर्ने निर्णय गरेको हो जसअनुसार १० जनालाई उत्कृष्ट निजामती कर्मचारी पुरस्कार र ३० जनालाई निजामती सेवा पुरस्कार प्रदान गर्न लागिएको हो।

उक्त पुरस्कार २०६१ सालदेखि वितरण गरिदै आएको हो। उत्कृष्ट निजामती कर्मचारी पुरस्कारको राशि रु एक लाख र निजामती कर्मचारी सेवा पुरस्कारको राशि रु ५० हजार रहेको छ।





## विमा लेख हराएको सूचना

राजविराजस्थित गजेन्द्र चौकदेखी रुपनी मोडसम्म जाँदै गरेको अवस्थामा २०७८ साल साउन २ गते मेरो निम्न व्यहोराको बिमा लेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४१२०५३७३ मा सम्पर्क गर्नुहोला।

**नाम : ओमप्रकाश साह**
**ठेगाना : छिन्नमस्ता ७ हाल राजविराज ३, सप्तरी**
**बी.ले.नं. : २२०००१११३**


## विश्व समाचार

### अफगानिस्तान र पाकिस्तानको सीमा क्षेत्रका नागरिकमा सुरक्षा र स्थायीत्वको चिन्ता

इस्लामावाद, २२ भदौ (रासस/सिन्ह्वा)।

पाकिस्तान र अफगानिस्तानको सीमा क्षेत्रका नागरिकमा स्थायीत्वको चिन्ता देखिएको छ। तर उनीहरुले पछिल्ला केही दिनमा भने स्थायीत्व हुनसक्ने अनुमान गरेका छन्।

तालिबानी विद्रोहीले पछिल्ला केही दिनमा अफगानिस्तान कब्जा गरेपछि सीमा क्षेत्रका नागरिकमा यस्तो अवस्था देखिएको हो।

सीमा क्षेत्रका नागरिकमा अहिले केही दिन यतादेखि मानिस आवतजावत गर्न थालेका र त्यहाँ बस्ती रहेका नागरिकमा आगामी दिनमा अवस्था सामान्य हुँदै जाने आशा पलाएको बताएका छन्।

तालिबानीले पछिल्लो समयमा असुरक्षाको अवस्था हटाउने सङ्केत देखाएको उनीहरुको भनाइ छ।

राम्रोसँग तालिबानीले अघि बढ्ने सङ्केट देखाएका र यसबाट अफगानिस्तानमा शान्ति र स्थायीत्व बढ्न सक्ने आशा पलाएको सो क्षेत्रका नागरिकको भनाइ छ।

यी दुई देशका सीमा क्षेत्रमा तालिबानीका कारण समस्या बल्भिने गरेको थियो। सीमा क्षेत्रमा सधैँ हिंसा हुने र मानिसको ज्यान जाने गरेको थियो।

पछिल्ला दिनमा तालिबानीले अफगानिस्तानको सत्ता हातमा लिएकाले यस अवस्थामा सीमा क्षेत्रमा समस्या आउन सक्ने भन्दै उनीहरुले चिन्ता व्यक्त गरेका थिए।

सीमा क्षेत्रका मानिसले कुनै पनि देशको हस्तक्षेप नगर्न र तालिबानीलाई आफै काम गर्न दिन पनि आग्रह गरेका छन्।

### बेलायतमा कोरोना भाइरसका संक्रमितको संख्या ७० लाख पुग्यो

लन्डन, २२ भदौ (रासस/सिन्ह्वा)।

बेलायतमा कोरोना भाइरसका सङ्क्रमितको सङ्ख्या ७० लाख पुगेको छ। कोरोना भाइरसको सङ्क्रमण शुरु भएदेखिको सङ्ख्या मङ्गलबार ७० लाख पुगेको हो।

बेलायतमा हिजोमात्र एकैदिन कोरोना भाइरसका ३७ हजारभन्दा बढी सङ्क्रमित फेला परेका थिए। यहाँ केही दिनयता भाइरसका सङ्क्रमित थपिने क्रम बढ्दै गएको छ।

यसैगरी यहाँ गएको २४ घन्टामा ४१ हजार नयाँ सङ्क्रमित थपिएको पनि पाइएको जनाइएको छ। यहाँ हालैका दिनहरुमा कोरोनाकै कारण निधन हुने व्यक्तिको सङ्ख्या पनि बढ्दै गएको पाइएको बताइएको छ।

यहाँ यो भाइरसबाट एक लाख ३३ हजारभन्दा बढी व्यक्तिको निधन भइसकेको छ। यहाँ पछिल्लो समयमा लकडाउन खुला गरिएको र त्यसपछि पनि भाइरसको सङ्क्रमण बढ्दै गएको पाइएको छ।

### भारतमा दैनिक सङ्क्रमितको संख्यामा फेरि कमी

नयाँदिल्ली, २२ भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि कमी आएको छ। पछिल्लो समय केरला राज्यमा दैनिक सङ्क्रमितको सङ्ख्या एकाएक बढेपछि देशभरीको सङ्ख्यामा पनि वृद्धि देखिएको थियो।

यसअघि दैनिक ४० हजारभन्दा बढी सङ्क्रमित थपिने गरेकामा अहिले घटेर ३१ हजार पुगेको अधिकारीले जानकारी दिएका छन्।

केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार बिहान सार्वजनिक गरेको विवरणअनुसार भारतमा थप ३१ हजार २२२ जना नयाँ सङ्क्रमित थपिएका छन्। तीमध्ये केरला राज्यमा मात्रै १९ हजार ६८८ जना सङ्क्रमित भएका छन्।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ३० लाख ५८ हजार ८४३ पुगेको मन्त्रालयले जनाएको छ। त्यसैगरी एक दिनमा ४२ हजार ९४२ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

कोरोना शुरु भएदेखि हालसम्म भारतमा तीन करोड २२ लाख २४ हजार ९३७ जना यस रोगबाट मुक्त भएका सरकारी अधिकारीले मङ्गलबार जानकारी दिएको छ।

पछिल्लो ७१ दिनदेखि भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या ५० हजारभन्दा कम हुँदै आएको छ। त्यसैगरी पछिल्लो केही दिनदेखि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्यामा पनि वृद्धि भएको छ। मङ्गलबार प्राप्त समाचारअनुसार हाल भारतमा सक्रिय सङ्क्रमित सङ्ख्या तीन लाख ९२ हजार ८६४ जना छन्।

भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म चार लाख ४१ हजार ४२ जनाको मृत्यु भएको छ भने तीमध्ये २९० जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो।

# ज्यान मुद्दाका फरार प्रतिवादी बिस वर्षपछि पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

अदालतबाट कैद सजाय तोकिएर फरार रहेका मध्ये एक प्रतिवादीलाई प्रहरीले बीस वर्षपछि पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको साबिक मानराजा गाबिस ७ हाल बोदेबरसाईन नगरपालिका ७ निवासी दानालाल यादव छन् ।

बि.स. २०६२ सालमा स्थानिय गंगाराम कापैरलाई मारेको कर्तब्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले २०७३ बैशाख २२ गते सचिव कुमार सदा, बिजय कुमार यादव र दानालाल यादवलाई जन्म कैद (बिस बर्ष) कैदको फैसला सुनाएको थियो ।

यादवलाई सोमबार गाउँ घरमा लुकीछिपी बसेको अवस्थामा फेला पारी प्रहरीले पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेका यादवलाई मंगलबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानको लागी कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# महिला कैदीबन्दीले मनाए तिज

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

राजविराज कारागारभित्र रहेका महिला कैदीबन्दीहरूले मंगलबार तिज मनाएका छन् ।

तिज महोत्सव मुल समारोह समिति सप्तरीका सदस्य र अधिकारकर्मीहरूसँगै उहाँहरूले कारागारमा तिज मनाएका हुन् ।

कारागार पुगेका तिज महोत्सव समितिकी संयोजक पुनम पोखरेलले कैदीबन्दी महिलालाई मिठाई खुवाउनुका साथै चुरा, पोते, टिकालगायतको सृङ्गारका सामान



दिएर तिजको दर मनाए । समितिले बिहीबार राजविराजमा मौलिक गीत, नृत्यसहितको प्रतियोगितात्मक तिज महोत्सव आयोजना गरेको छ ।

कारागारलाई सुधार केन्द्रका रूपमा लिदै भविष्यमा समाजमा पुनस्थापित हुने गतिविधिमा संलग्न हुन समितिका पदाधिकारीहरूले शुभकामना दिएका थिए । यस्ता कार्यक्रमले शुभकामना आदानप्रदानका साथै रचनात्मक क्रियाकलापमा प्रोत्साहन गर्ने र सकारात्मक भावनाको विकास गर्ने जेलर सुमन कोइरालाले बताए ।

कार्यक्रममा इन्सेक प्रतिनिधी मनोहर पोखरेल, मनु खनाल, रन्जना चौधरी, रिया राय सञ्चेती लगायतको सहभागिता रहेको थियो ।

## सप्तरीमा एक ...

निर्वाचित राजविराज नगरपालिकाका उपमेयर साधना झा र छिन्नमस्ता गाउँपालिकाका उपाध्यक्ष उषाकुमारी मण्डल तथा तत्कालीन संघीय समाजवादी फोरमबाट निर्वाचित बोदे बरसाइन नगरपालिकाका उपमेयर रन्जु साहले लोसपामा सनाखत गरेको लोसपाका नेता प्रभाकर यादवले जानकारी दिए ।

यता लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा केन्द्रीय कार्यकारिणी सदस्य १७ जना, संघीय सांसद १५, प्रदेश न.२ मा १६ जना, लुम्बिनी प्रदेशमा ३ जना, सुदुर पश्चिममा १ जना, स्थानीय तह तर्फ सप्तरी ९६, सिरहा १२, धनुषा १०९, महोत्तरी २५८, सर्लाही १३७, रौतहट ८८, वारा १३८, पर्सा २८, रुपन्देही २०, कपिलवस्तु १ जनाले लोसपामा सनाखत गरेको लोसपा नेता केशव झाले जानकारी दिएका छन ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा सप्तरीवाट मेयर १ जना, उपमेयर ३, धनुषा १, उपमेयर २, महोत्तरी मेयर ६, उपमेयर १०, सर्लाही मेयर ५, उपमेयर ४, रौतहट मेयर १, वारा मेयर ३, उपमेयर ५, पर्सा उपमेयर २, रुपन्देही मेयर १, उपमेयर १ जनाले लोसपामा सनाखत गरेका छन ।

यसैगरी सप्तरीमा २९ जना जनप्रतिनिधिले नेकपा एकीकृत समाजवादी पार्टी रोजेका छन् ।


सुरुङ्गा नगरपालिका ३ जना वडा अध्यक्षसहित २२ जना, खडक नगरपालिकाका एक वडा अध्यक्ष र सप्तकोशी नगरपालिकाका १ जना वडा अध्यक्षसहित २९ जना जनप्रतिनिधिले नेकपा एस रोजेको नेकपा एसका सप्तरी निर्वाचन क्षेत्र नं. ४ का ईन्चार्ज राजेन्द्र प्रसाद साहले जानकारी दिए ।

## चर्को ब्याज जोडेर ...

पत्रकार सम्मेलनमा पीडितहरुले ऋण चुक्ता गर्दा समेत धितो राखेको जग्गा फिर्ता नगरेको आरोप लागाए । बोदेबर्साईन नगरपालिका ५ का मो. तैयब अलिले १ कठ्ठा ८ धुर जग्गा धितो राखी ३८ लाख ऋण लिएको र ४५ लाख २० हजार चुक्ता गरिसके पनि साहले जग्गा फिर्ता गर्न नमाने बताए ।

पीडित अलिले आफ्नो करोडौं पर्ने जग्गा मिटरब्याजी साहले बिक्रि गरिसकेको जानकारी दिँदै आफु अन्ययामा परेको गुनासो गरे ।

यस्तै सुरुङ्गा नगरपालिका ६ का गुलावचन्द्र साहले जग्गा धितो राखी ऋण लिएपनि ऋण चुक्ता गर्दा समेत जमिन फिर्ता गर्न नमानेको आरोप लगाए । साहसँगै खडक नगरपालिका ६ का छेदिलाल पासवान, बोदेबर्साईन नगरपालिका ५ का रामप्रसाद खत्बे, बोदेबर्साईन ९ का दिलिप खत्वे, खडक नगरपालिका ८ का बच्चालाल साह, सुरुङ्गा नगरपालिका ४ का सबुरलाल चौधरी, शम्भुनाथ ११ का बिनोद मण्डललगायतले पनि जग्गा धितो राखी ऋण लिएको र तेब्बर ब्याजसहितको सबै ऋण बुझाउन खोज्दा साह सम्पर्कमा आउन नचाहेको आरोप लगाए ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money — Chaudhary Group


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*